बैठक संख्या :- २.

आज मिति २०७५।०३।०५ गते आइतबारका दिन यस ईच्छाकामना गाउँपालिकाको नवनिर्वाचित जनप्रतिनिधिको दोस्रो कार्यपालिका बैठक, गाउँपालिका अध्यक्ष श्री दानबहादुर गुरुङको अध्यक्षता तथा तपशिलका कार्यपालिका सदस्यको उपस्थितीमा बसी तपशिलका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. श्री दानबहादुर गुरुङ | अध्यक्ष | |
| २. श्री माया सिलवाल | उपाध्यक्ष | |
| ३. श्री सन्तबहादुर मगर | १ नं. वडाध्यक्ष | |
| ४. श्री पञ्चबहादुर प्रजा | २ नं. वडाध्यक्ष | |
| ५. श्री नरबहादुर नेपाल | ३ नं. वडाध्यक्ष | |
| ६. श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडाध्यक्ष | |
| ७. श्री तेजबहादुर शेरचन | ५ नं. वडाध्यक्ष | |
| ८. श्री लक्ष्मण प्रजा | ६ नं. वडाध्यक्ष | |
| ९. श्री बम बहादुर थामा मगर | ७ नं. वडाध्यक्ष | |
| १०. श्री अञ्जु चेपाङ | कार्यपालिका सदस्य | |
| ११. श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य | टेकमाया |
| १२. श्री परीमाया कामी | कार्यपालिका सदस्य | परीमाया |
| १३. श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य | पार्वती |
| १४. श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य | |
| १५. श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य | |
| १६. श्री शालिकराम बस्याल | प्रमुख प्रशासकीय अधिकृत | |
| १६. श्री साविता अर्याल | योजना शाखा प्रमुख | |

**मिति २०७९।०३।०५ को गाउँकार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १:** यस ईच्छाकामना गाउँपालिका वडा नं. ३ बस्ने प्रेमबहादुर चेपाङको छोरा सागर चेपाङ (वर्ष १९) दृष्टि विहिन भएको र निजको आर्थिक अवस्था कमजोर भएकाले निजको उच्चशिक्षा अध्ययनमा सहयोगका लागि दृष्टिविहिन व्यक्तिले पढ्न सक्ने सफ्टवेर संचालन हुने कम्प्युटर खरिद उपयुक्त स्रोतको व्यवस्था गरी हस्तान्तरण गर्ने,

**निर्णय नं. २:** चालु आर्थिक वर्षको वडा नं. ३ मा रहेको अवलोकन भ्रमण शिर्षक परिवर्तन गरी कार्यालय व्यवस्थापन शिर्षक कायम गर्ने,

**निर्णय नं. ३:** यस ईच्छाकामना गाउँपालिकामा रहेका कोभिड पिडित अति विपन्न घर परिवारलाई उपलब्ध गराउने नगद अनुदानको लागि छनौट भएका लाभग्राहीको खाता नं. र नागरिकताको प्रतिलिपि सहितको विवरण वडा कार्यालयहरुले ३ दिन भित्र गाउँपालिकमा उपलब्ध गराउने,

**निर्णय नं. ४:** यस ईच्छाकामना गाउँपालिकामा ठेक्का प्रकृयामार्फत संचालनमा रहेका तपशिलका योजनाहरुको अन्तिम म्याद तपशिल बमोजिमनै थप गर्ने र थपिएको म्याद भित्र समेत काम नगर्ने फर्महरुलाई नियमानुसार प्रकृया अगाडि बढाउने,

| योजनाको नाम | कार्यादेश दिएका मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति | थप गरेको अवधि |
|---|---|---|---|
| १. मुग्लिङ तामिन ईच्छाकामना मन्दिर जाने पक्कि सडक निर्माण ५ | | २०७९।२।१५ | २०७९।०३।१५ |
| २. कात्तिखोला आधामारा बाटो ६ | २०७८।०९।१२ | २०७८।१२।३० | २०७९।०३।१५ |
| ३. ज्यानदाला खानेपानी आयोजना | २०७९।११।२६ | २०७९।०२।३० | २०७९।०३।१५ |
| ४. गाउँपालिका प्रशासकीय भवन | २०७८।०८।२६ | २०७९।०२।२५ | २०७९।०३।१५ |
| ५. ईच्छाकामना मन्दिर ५ | २०७८।११।२६ | २०७९।०२।३० | २०७९।०७।१५ |
| ६. वडा कार्यालय भवन ३ | २०७८।०७।२९ | २०७९।०२।३० | २०७९।०३।१५ |
| ७. वडा कार्यालय भवन ५ | २०७८।०७।२९ | २०७९।०३।१५ | २०७९।०७।१५ |

**निर्णय नं. ५:** गाउँपालिका भित्रका विभिन्न शाखाका कर्मचारीहरु दरबन्दि अन्यत्र रही गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत तथा एक कार्यालयबाट अर्को कार्यालयमा रही कार्यसम्पादन गर्दै आएका सबै कर्मचारीहरुलाई तत्काल काज फिर्ता गर्ने,

**निर्णय नं. ६:** वडा नं. ६ को वडा सचिवको कार्यसम्पादन तथा आचरणका विषयमा उठेका प्रश्न तथा छलफलका विषयमा आवश्यक प्रकृया प्रमुख प्रशासकीय अधिकृतले बढाउने,

**निर्णय नं. ७:** गाउँपालिका भित्र रहेको टोल समितिको कार्यकाल सकिएका तथा नयाँ गठन गर्नुपर्ने भएकोमा गाउँपालिकाले तयार गरेको कार्यविधिका आधारमा पुर्नगठन तथा नयाँ गठन गर्न लगाउने,

**निर्णय नं. ८:** ईच्छाकामना गाउँपालिकामा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको पुन: म्याद थप गर्ने नगर्ने सम्बन्धमा उनीहरुको दरबन्दि, कार्यविवरण तथा कार्यसम्पादन स्तरको विषयमा प्रतिवेदन तयार गर्न तपशिलको समिति गठन गर्ने र सोही समितिको प्रतिवेदनका आधारमा करार कर्मचारीको विषयमा थप निर्णय गर्ने,

| | |
|---|---|
| १. श्री माया सिलवाल (उपाध्यक्ष) | संयोजक |
| २. श्री लक्ष्मण चेपाङ (६ नं. वडाध्यक्ष) | सदस्य |
| ३. श्री रुद्रप्रसाद उप्रेती (४ नं. वडाध्यक्ष) | सदस्य |
| ४. श्री सविता ~~खरेल~~ अर्याल (अधिकृत सातौं) | सदस्य |
| ५. श्री बासु पण्डित (अधिकृत सातौं) | सदस्य सचिव |

**निर्णय नं. ९:** ईच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्रस्तावित नीति तथा कार्यक्रम स्विकृत गरी गाउँसभामा पेश गर्ने,

**निर्णय नं. १०:** ईच्छाकामना गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा छलफल चरणबद्धरुपमा गर्दै जाने,

**निर्णय नं. ११:** ईच्छाकामना गाउँपालिका वडा नं. ४ साविकाको दारेचोक गाविस मा संचालित स्वास्थ्यचौकीमा १५ बेडको अस्पताल तत्काल संचालन गर्ने र सो का लागि आवश्यक व्यवस्थापन गर्ने,